नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

गोरखा

पत्र संख्या :-०७७/०७८

चलानी नम्बर :-

मिति:२०७७/०४/२९

## जिल्ला प्रशासन कार्यालय, गोरखाको सबै जिल्लाबासीलाई अनुरोध

गोरखा जिल्ला भौगोलिक हिसावले विविधतायुक्त रहेको, नदीको तल्लो तटीय क्षेत्र (२२८ मिटर उचाई देखि मनास्लु हिमाल तर्फ ८११५ मिटर उचाई) सम्म फैलिएको , विविध जनजीवन र जनजिविका रहेको, ५ वटा ठुला नदीको नदी प्रणालीसंग आवद्ध भएको छ। २०७२ सालको भुकम्पको कारण चिरिएका जमिनमा निरन्तरको बर्षाको कारणले गर्दा अति धेरै पहिरो जाने, वाढी आउने, डुवान हुने, नदि कटान समेत भई कृषि भुमी तथा बालिको क्षति भइ केहि बिसिन्दाको दुखद निधन समेत भएको छ। यसै गरी ठूलो सख्यामा घरहरु बगेका र पहिरोले पुरेको अवस्था छ।

• तसर्थ वर्तमानमा परिरहेको निरन्तरको बर्षालाई मध्यनजर गर्दै आम गोरखाबासी दाजुभाइ, दिदीबहिनीले आफ्नो घरको अवस्था, नजिकको जमिनको अवस्था, नदि तथा खोलानालाको अवस्था समेत हेरी सुरक्षित तरिकाले रहन हार्दिक अनुरोध गरिन्छ। लगातारको बर्षातबाट वाढीले कटान गरी घरमा बस्न खतरा भएमा नजिकको सुरक्षित स्थानमा सर्न, पहिरोले घर भत्काएमा सुरक्षित स्थानमा बस्नु हुन र पुर्ण रुपमा घर क्षति भएको घरपरिवारले तत्कालै राहतको लागि नजिकको प्रहरी इकाइ , सम्बन्धित स्थानिय तह (न.पा/गा.पा) को सिफारिसका कागजात सहित जिल्ला प्रशासन कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध छ।

अत: प्राकृतिक विपद्लाई पूर्ण रुपमा रोक्न नसकिएपनि तपाई हाम्रो सचेतताले गर्दा भौतिक तथा मानवीय क्षतिलाई न्युनिकरण गर्न भने अवस्य पनि सकिन्छ। त्यसको लागि सबैको दरिलो सहकार्य, समन्वय, सञ्चार र सञ्जालीकरण हुन जरुरी देखिएकाले यसतर्फ जिल्लामा क्रियाशिल राष्ट्रिय मान्यता प्राप्त लगाएतका सबै राजनीतिक दल तथा सम्बद्ध कार्यकर्ताहरु, सामाजिक अभियानका साझेदारहरु, नागरिक समाजका संघसंस्था एवं आम नागरिकहरुलाई यस तर्फ लाग्न समेत हार्दिक अनुरोध छ।

यसका साथै यहि वर्षातको समयमा खोला तथा बगरमा नदी जन्य पदार्थ उठाउने, चोरी निकासी गर्ने गरेको गुनासो समेत प्राप्त भएको छ। प्रत्येक वर्षको असारदेखि भदौ मसान्त सम्म बर्षातको समयमा कुनै पनि स्थानमा ढुंगा, गिट्टी बालुवा उत्खनन गर्न तथा गैरकानुनी घाटगद्धी गर्न नपाइने हुदाँ सम्बन्धित स्थानीय तहले स्वीकृत गराएको/गरेको IEE परिधिभित्र ठेक्का बन्दोबस्त गरी घाटगद्धी गरेको ब्राहेक अन्य स्थानबाट नउठाउनु हुन सूचित गरिएको छ। यदि कोही कसैले त्यसप्रकार गरेको पाइएमा प्रचलित कानुन बमोजिम कारबाही गरी त्यस्तो कार्यमा प्रयोग भएका मेशीनरी औजार समेत जफत गरिने व्यहोरा यसै सूचना मार्फत जानकारी गराइन्छ।

तिर्थराज भट्टराई

प्रमुख जिल्ला अधिकारी

URL: daogorkha.moha.gov.np , Email :dao.gorkha@gmail.com , URL: moha.gov.np,

फोन नं.- ०६४-४२०१३३, ०६४-४२१४१६, फ्याक्स नं. :- ०६४-४२०१८९